थलारा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः४ मिति २०८१ साल माघ ११ गते

## भाग -१

## थलारा गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१

गाउँ सभाबाट पारित मितिः २०८१।१०।११
प्रमाणिकरण मितिः २०८१।१०।११

**प्रस्तावनाः**

थलारा गाउँपालिका क्षेत्रभित्र सामाजिक धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी वनाउदैं गाउँको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उप दफा ४ (ठ) वमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम थलारा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम "थलारा गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्वन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ।

(३) यो ऐन थलारा गाउँपालिकाको गाउँ क्षेत्र भित्र लागु हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "गाउँसभा" भन्नाले थलारा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले थलारा गाउँपालिका सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले थलारा गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ।

(घ) "उपाध्यक्ष" भन्नाले थलारा गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनुपर्छ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले थलारा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिलाई सम्झनु पर्छ।

(च) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक,बौद्धिक, विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास, प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, समिति, समुह, आमा समूह, अध्ययन केन्द्र आदि सम्झनुपर्छ।

(छ) "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून वमोजिम सहयोग गर्ने द्धिपक्षीय तथा वहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

(ज) "अन्तर्राष्टिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून वमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ।

(झ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्छ ।

(ञ) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका वा कार्यविधिमा मा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः**

(१) यस ऐन बमोजिम थलारा गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाइने छैन।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस गाउँपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउदा यस गाउँपालिकाको पूर्व स्वीकृती लिनु पर्नेछ। स्वीकृती नलिने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून वमोजिम कारवाही गर्न सकिनेछ।

४. **संस्थाको दर्ता तथा सञ्चालन सम्वन्धी व्यवस्थाः**

(१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने कुनै सात जना देखि बढीमा पन्ध्र जनासम्मको पदाधिकारी राखी संस्था सम्बन्धी देहायको विवरण खुलाई तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसुची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ।

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) संस्थाको कार्यक्षेत्र र विषय,

(घ) प्रबन्धक समितिका सदस्यहरुको नाम, ठेगाना र तिनपुस्ते विवरण,

(ङ) स्रोतसाधन सम्बन्धी विवरण,

(च) कार्यालय खोल्ने ठेगाना,

(२) उपदफा (१) बमोजिमको निवेदन पेस गर्दा देहायबमोजिमका कागजातहरु संलग्न भएको हुनुपर्ने छः

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(ख) कार्य समितिका सदस्यको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) असल चालचलन भएको प्रहरीको सिफारिस पत्र,

(घ) संस्थाको प्रमाणित विधान।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था दर्ता गर्न चाहने कानुनी व्यक्ति भएमा त्यस्तो कानुनी व्यक्तिको वैधानिकता पुष्टि गर्ने र प्रचलित नेपाल कानूनबमोजिम अद्यावधिक रहेको कागजात पेश गर्नुपर्ने छ ।

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ र संस्था दर्ता गरि सकेपछि प्रत्येक आर्थिक वर्ष शुरु भएको ३ (तीन) महिना भित्र संस्थाले कार्यालयमा तोकिएको विवरण र दस्तुर पेश गरी संस्था नविकरण गर्नुपर्नेछ।

(५) यस ऐन बमोजिम संस्था दर्ता गरी दिईने प्रमाणपत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(६) यस ऐन बमोजिम संस्था दर्ता र नविकरण गरेको अभिलेख अनुसूची-३ ढाँचा बमोजिम राख्नुपर्नेछ।

(७) प्रचलित कानून वमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरुले यस ऐन वमोजिम थलारा गाउँपालिकामा कार्य क्षेत्र विस्तार गर्न चाहेमा साविक दर्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिनुपर्नेछ।

(८) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी कार्य क्षेत्र विस्तार गर्न उचित ठानेमा कार्य क्षेत्र विस्तारका लागि स्वीकृती दिनुपर्ने छ।

(९) संस्थाको नामबाट कानूनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन।

(१०) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको सूचना १५ दिनभित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र उक्त निर्णय चित्त नबुझे न्यायिक समितिसमक्ष उजुरी दिन सक्ने छ। न्यायिक समितिको निर्णय कार्यान्वयन गर्नु स्थानीय अधिकारीको दायित्व हुनेछ।

(११) यस दफा अन्तर्गत संस्था दर्ता, नविकरण र कार्य क्षेत्र विस्तार गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

**५. संगठित संस्था मानिनेः**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ।

(२) सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ।

**६. संस्थासँग सहकार्यसम्वन्धी व्यवस्थाः**

गाउँपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही संस्थाहरुसंग सहकार्य गर्न सकिनेछ। सहकार्य सम्वन्धी विधि प्रक्रिया र शर्त तोकिए वमोजिम हुनेछ।

**७. संस्थाको सम्पत्तिः**

(१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्न सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम सम्पत्ति फिर्ता गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ

(४) उपदफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछ।

(५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गैर कानूनी कार्य गरेमा संस्था, संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**८. अघि दर्ता नभई सञ्चालनमा रहेका संस्थाहरुले दर्ता गर्नुपर्नेः**

(१) यस ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई सञ्चालनमा रहेका संस्थाहरुले समेत यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ।

(२) संस्था दर्ता ऐन, २०३४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम दर्ता भई थलारा गाउँपालिका क्षेत्र भित्र सञ्चालित संस्थाहरुले गाउँपालिकामा निवेदन दिई अद्यावधिक गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) को प्रयोजनका लागि कम्तीमा तीन महिनाको समय राखी स्थानीय अधिकारीले सार्वजनिक सूचना प्रकाशित गर्नेछ।

**९. संस्था गाभ्ने गाभिने वा उद्देश्यमा हेरफेरः**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को संस्थासंग गाभिन उचित देखेमा कार्यसमितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभा सञ्चालनका लागि आवश्यक गणपुरक उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृती लिनु पर्नेछ ।

**१०. हिसाबको विवरण पेश गर्नु पर्नेः**

कार्य समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण र लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**११. हिसाब जाँच गर्नेः**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृत लाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन कानून बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

**१२. निर्देशन दिनेः** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१३. दण्ड र सजायः**

(१) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही २००० (दुई हजार मात्र) रुपैया सम्म जरीवाना गर्न सक्नेछ।

(२) दफा ९ बमोजिमको विवरण पेश नगरेमा प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही ५०० (पाँच सय मात्र) रुपैया सम्म जरिवाना गर्न सक्नेछ। तर कुनै सदस्यले दफा ९

उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाबजाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँचसय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभ्ने गाभिने गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारवाही गरेमा वा गाउँपालिकाले दिएका निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१४. पुनरावेदनः** प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

**१५. संस्थाको विघटन र त्यसको परिणामः**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ। तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन।

**१६. अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्वन्धी व्यवस्थाः**

१) कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून वमोजिम थलारा गाउँपालिका क्षेत्रभित्र कार्य गर्दा थलारा गाउँपालिकाबाट पूर्व स्वीकृती लिनुपर्नेछ। स्वीकृती प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृती लिएर मात्र स्थापना वा संचालन गर्नुपर्नेछ।

**१८. नियम, निर्देशिका, कार्यविधि बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ।

**१९. खारेजी र बचाउः**

(१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

**संस्था दर्ता गर्न दिने निवेदनको ढाँचा**

मितिः

श्री स्थानीय अधिकारी ज्यू,
थलारा गाउँपालिका ।

हामीले ............................... सम्बन्धी संस्था खोल्न चाहेकोले थलारा गाउँपालिका संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं।

विवरण

१. संस्थाको नामः

२. संस्थाको उद्देश्यः

(क)

(ख)

३. समितिका पदाधिकारी÷सदस्यहरुकोः

| नाम | ठेगाना | नागरिकता नं. | हस्ताक्षर |
|---|---|---|---|

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

४. संस्था सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक श्रोतः

५. संस्थाको ठेगानाः

मितिः

अनुसूची-२

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

**प्रमाणपत्रको ढाँचा**

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल
संस्था दर्ता प्रमाणपत्र

श्री अध्यक्ष/सचिव,
.....................................।

..................................... (संस्थाको नाम) लाई थलारा गाउँपालिका संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ को दफा .... बमोजिम .......... साल ........... महिना ......... गते दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

स्थानीय अधिकारीको सहीः
पुरा नाम, थरः
दर्जाः

**नवीकरण**

संस्थाको नामः

| नविकरण गरेको मिति | दर्ता प्रमाणपत्र बहाल रहने अवधि | नविकरण गरेको रसिद नं. र दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची-३

दफा ४ को उपदफा (६) सँग सम्बन्धित

दर्ता किताबको ढाँचा

<u>संस्थाको दर्ता किताब</u>

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उदेश्य | संस्थाको पदाधिकारी एवम् सदस्यहरुको नाम र ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | | |
| | | | | | | | | |

नवीकरण

संस्थाको नामः

| नविकरण गरेको मिति | दर्ता प्रमाणपत्र बहाल रहने अवधि | नविकरण गरेको रसिद नं. र दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |

प्रमाणिकरण मिति २०८१।१०।११

आज्ञाले,
प्रयाग राज पाध्या
प्रमुख प्रशासकीय अधिकृत